पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No. २०६९/०८०

मिति : २०७९/०७/२३

## पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट परीक्षाको योग्यताक्रम सूचि (Merit List) प्रकाशित सम्बन्धि सूचना !

पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०७९ बाट विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको मिति २०७९/०७/०३ गते प्रकाशित गरिएको उत्तिर्ण सूचि **(Pass List)** का उम्मेदवारहरुलाई मात्र अनलाईन फाराम भर्दा Transcript र Character Certificate पेश नगरेको भए मिति २०७९/०७/२१ गतेसम्म पेश गर्न दिएको समयभित्र Transcript र Character Certificate पेश गरेका सम्बन्धित उम्मेदवारहरुको मात्र पो.वि.छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियमानुसार संलग्न बमोजिमको योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा सम्बधित सबैको लागी जानकारी गराइन्छ ।

प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको उम्मेदवारहरुलाई School Type–**Public** र अन्य सबैलाई School Type–**Others** हुनेगरी उम्मेदवारहरुको सूचि, खुला र आरक्षणको विवरण सहित योग्यताक्रम सूचि **(Merit List)** प्रकाशित गरिएको व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराइन्छ ।

आज मिति २०७९/०७/२३ गते प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरु मध्ये कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सरकारी वा सामुदायिक स्कूलमा अध्ययन गरी पास गरेको School Type–**Public** का उम्मेदवारहरुले मात्र तपशिल बमोजिम हुनेगरी मिति २०७९/०७/२६ गतेदेखि मिति २०७९/०८/०२ गतेसम्म आफुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रमहरुको विवरण पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को **अनुसूचि-(४) सँग** सम्बन्धित अनलाईन फाराममा भर्नुहुन समेत जानकारी गराईन्छ । School Type–**Others** का उम्मेदवारहरुलाई पनि शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौंटका लागी अनुसूचि-(४) सँग सम्बन्धित अनलाईन फाराम भर्नका लागि नियमानुसार अर्को सूचना मार्फत जानकारी गराईनेछ ।

P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No. २०७९/०८०

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ।**

क) प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका सम्बन्धित उम्मेदवारहरुले अनलाइन मार्फत अनुसूचि फाराम भर्दा आफ्नो नाम समावेश भएको संकायबाट बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक कार्यक्रम छनौट गर्न सकिनेछ । साथै १ वटा शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म प्राथमिकताको आधारमा शैक्षिक संस्था पनि छनौट गर्न सकिनेछ। उम्मेदवारहरुले शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गर्दा दिएको शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको विवरण हेरी छनौट गर्नुपर्नेछ। एकपटक छनौट गरेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रमलाई पुन: सच्चाउन पाईनेछैन।

ख) आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** को School Type–**Public** मा समावेश भएका उम्मेदवारहरुले अध्ययन गर्ने शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गर्न अनुसूचि-४ को अनलाईन फाराममा विवरण भर्नुपर्नेछ। उक्त विवरण भर्न उम्मेदवारहरुले आफ्नो Dashboard मा रहेको **Anusuchi Application** मा गएर विवरण भर्नुपर्नेछ।

ग) आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ।

घ) आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** का सम्बन्धमा अस्पष्ट भएमा मिति २०७९/०७/२५ गतेसम्म विहान १०:०० बजेदेखि बेलुका ४:०० बजेभित्र मात्र यो सम्पर्क नम्बर **९८४६१४२९४८** मा सोधपुछ गर्न सकिनेछ । सोधपुछ उचित र आवश्यक विषयवस्तुमा मात्र गर्नुपर्नेछ।

आज प्रकाशित योग्यताक्रम सूचि **(Merit List)** मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार छनौट समितिमा निहित रहेको छ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौट समिति, २०७९


P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039